नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, भदौ २२ गते २०३४ साल [अतिरिक्ताङ्क २५

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२

जग्गा प्राप्तिसम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः जग्गा प्राप्त गर्नेसम्बन्धी प्रचलित नेपाल कानूनमा संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "जग्गा प्राप्ति एन, २०३४" रहेको छ ।

(२) यस ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जग्गा" भन्नाले कसैको हकभोगमा रहेको जुनसुकै जग्गा र त्यसमा स्थायी रूपले रहेको पर्खाल, घर, रूख, समेत सम्झनुपर्छ र सो शब्दले त्यस्तो जग्गामा स्थायीरूपले जडान भएको जुनसुकै वस्तुलाई समेत जनाउँछ ।

(ख) "सार्वजनिक काम" भन्नाले सर्वसाधारण जनताको हित, लाभ वा उपयोगको लागि हुने काम वा श्री ५ को सरकारको तर्फबाट हुने काम सम्झनुपर्छ र सो शब्दले देहायको कामलाई समेत जनाउँछः–

(१) श्री ५ को सरकारले स्वीकृत गरेको परियोजना,

(२) विभिन्न तहका पञ्चायतद्वारा सञ्चालन गरिने परियोजना ।

(ग) "स्थानीय अधिकारी" भन्नाले श्री ५ को सरकारले तोकेको अधिकृत सम्झनुपर्छ। त्यसरी कुनै अधिकृत नतोकेकोमा प्रमुख जिल्ला अधिकारी सम्झनुपर्छ।

(घ) "सरोकारवाला व्यक्ति" भन्नाले यस ऐनअन्तर्गत जग्गा प्राप्त गरे बापत दिने क्षतिपूर्ति वा मुआवजामा हक पुग्ने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना वा गठन भएको कम्पनी, विकास समिति र संस्थान सम्झनुपर्छ ।

३. सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने श्री ५ को सरकारको अधिकारः श्री ५ को सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआवजा दिने गरी श्री ५ को सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ ।

४. संस्थाको लागि जग्गा प्राप्त गराई दिन सक्नेः (१) कुनै संस्थाले यस ऐनबमोजिमको मुआवजा र अन्य सबै खर्च व्यहोर्ने गरी देहायको कामको लागि कुनै जग्गा प्राप्त गराई दिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारसमक्ष अनुरोध गरेमा श्री ५ को सरकारले त्यस्तो संस्थालाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछः–

(क) संस्थाको कर्मचारी, मजदूर वा कामदार बस्ने घर बनाउन वा निजहरूको सुख सुविधाको अरू बन्दोबस्त गर्न वा सर्वसाधारण जनताको हित हुने कुनै काम गर्न,

(ख) श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्थासित सम्बन्धित परियोजना सञ्चालन गर्न वा त्यस्तो संस्थाको कारोबारसित सम्बन्धित वा त्यस्तो संस्थाले उत्पादन गरेको कुनै माल वस्तु सञ्चय गर्नको लागि गोदामघरको निर्माण गर्न ।

(२) उप-दफा (१) बमोजिम जग्गा प्राप्त गराई दिन अनुरोध गर्ने संस्थाले देहायका विषयहरूमा मञ्जूरीको लिखत नगरून्जेल यस ऐनबमोजिम जग्गा प्राप्त गर्ने कारवाई चलाइने छैनः–

(क) जग्गा प्राप्त गर्दा लागेको वा लाग्ने भएको खर्च श्री ५ को सरकारलाई दिने,

(ख) मजदूर वा कालिगढहरू बस्ने घर वा निजहरूको सुख सुविधाको कुनै कामको निमित्त बनाउने भए कहिलेसम्ममा र के कस्तो बनी तयार हुने हो र कति अवधिसम्म कायम राखिने हो,

(ग) अरू कुनै बनाउने कामको निमित्त भए सो कहिलेसम्ममा बनी तैयार हुने हो र के कसरी उपयोग गर्न पाउने हो ।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्थाले आफ्नो परियोजना सञ्चालन गर्न खेती गर्नुपर्ने रहेछ भने अनुसन्धानको लागि प्रयोगात्मक खेतीको निमित्त बाहेक अन्य खेतीको निमित्त यस ऐनअन्तर्गत श्री ५ को सरकारले जग्गा प्राप्त गराई दिने छैन ।

५. जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाई चलाउने अधिकारीः (१) दफा ३ वा ४ को प्रयोजनको लागि जग्गा प्राप्त गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेपछि जुन कार्यालयको निमित्त जग्गा प्राप्त गरिने हो सो कार्यालयको कम्तिमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी वा राजपत्राङ्कित कर्मचारी नभएमा कार्यालयप्रमुखले र कुनै परियोजनाको लागि भए सम्बन्धित परियोजनाप्रमुखले के कुन ठाउँमा के कति जग्गा प्राप्त गर्नुपर्ने हो सो यकीन गर्नको लागि प्रारम्भिक कारवाई चलाउन सक्नेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको निमित्त जग्गा प्राप्त गर्दा उप-दफा (१) बमोजिमको प्रारम्भिक कारवाई गर्नको निमित्त संस्थाकै कर्मचारीको मनोनयन होस् भनी सम्बन्धित संस्थाबाट अनुरोध भएमा संस्थाले तोकेको कम्तीमा अधिकृत स्तरको कुनै कर्मचारीले त्यस्तो प्रारम्भिक कारवाई चलाउन पाउने गरी श्री ५ को सरकारले आदेश दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. जग्गा प्राप्त गर्नेसम्बन्धी प्रारम्भिक कारवाई: (१) दफा ५ बमोजिम प्रारम्भिक कारवाई चलाउने अधिकारीले सरोकारवाला व्यक्तिको जानकारीको निमित्त देहायका कार्यालय वा स्थानमा एक एक प्रति सूचना टाँस गर्नु पर्नेछ:—

(क) सम्बन्धित जग्गाको आसपासमा सर्वसाधारण जनताको बढी आवागमन हुने स्थान,

(ख) सम्बन्धित गाउँ वा नगर पञ्चायत कार्यालय,

(ग) घर र त्यसले चर्चेको कुनै कम्पाउण्ड समेत प्राप्त गर्नुपर्ने भएमा त्यस्तो घर दैला वा कम्पाउण्डको पर्खाल ।

(२) उप-दफा (१) बमोजिम सूचना जारी भएको तीन दिनपछि कारवाई चलाउने अधिकारीले देहायको कुनै काम कारवाई गर्नको निमित्त आफूले चाहेको संख्यामा कर्मचारी वा कामदार लिई सम्बन्धित जग्गा वा घर कम्पाउण्डभित्र प्रवेश गर्न सक्नेछ:—

(क) त्यस्तो जग्गाको नाप नक्शा लिने वा सर्भे गर्ने,

(ख) त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ छैन एकीन गर्नको लागि माटो, ढुङ्गा आदिको नमूना सङ्कलन गर्ने, खाडल खन्ने वा बोरिङ्ग गर्ने,

(ग) प्राप्त गर्न उपयुक्त ठहरिएको जति जग्गा छुट्याउन साँध, किल्ला खडा गर्ने वा अरू कुनै प्रकारले निसाना लगाउने,

(घ) खण्ड (क) वा (ख) सम्बन्धी कुनै काम कारवाईको लागि आवश्यक पर्ने कुनै उपकरण जडान गर्ने वा खडा गर्ने ।

(३) उप-दफा (२) को खण्ड (क) देखि खण्ड (घ) सम्मको कुनै काम कारवाई गर्दा त्यस्तो जग्गामा लगाएको कुनै बाली वा रूख काट्न वा उखेल्नु परेमा वा कुनै छेकवार वा परखाल हटाउनु वा भत्काउनु परेमा प्रारम्भिक कारवाई चलाउने अधिकारीको आदेश प्राप्त गरी कुनै व्यक्तिले सो काम गर्न सक्नेछ र त्यस्तो काम गर्दा भरसक सरोकारवाला व्यक्तिको उपस्थितिमा गर्नु पर्नेछ ।

७. नोक्सानी बापत क्षतिपूर्ति दिइने: (१) दफा ६ बमोजिम बाली, रूख, पर्खाल आदि काटेको वा भत्काए बापतको नोक्सानीको लागि र माटो, ढुङ्गा झिक्दा, खाडल खन्दा वा बोरिङ्ग गर्दा नोक्सानी भएमा सो बापत क्षतिपूर्ति दिइनेछ ।

(२) उप-दफा (१) बमोजिमको क्षतिपूर्तिको रकम प्रारम्भिक कारवाई चलाउने अधिकारीले निर्धारण गरी सरोकारवाला व्यक्तिलाई दिनेछ ।

(३) उप-दफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति निर्धारण भएको कुराको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र प्रमुख जिल्ला अधिकारीसमक्ष उजुर गर्न सक्नेछ र त्यस्तोमा प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. प्रारम्भिक कारवाईको ठहरसम्बन्धी प्रतिवेदन पठाउनु पर्ने: (१) प्रारम्भिक कारवाई चलाएको मितिले पन्ध्र दिनभित्र प्रारम्भिक कारवाई चलाउने अधिकारीले सो कारवाई पूरा गरी प्राप्त गर्न उपयुक्त देखिएको जग्गा यकीन गरी सोसम्बन्धी अन्य आवश्यक विवरण सहितको प्रतिवेदन यथाशीघ्र स्थानीय अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम प्रतिवेदन पठाउँदा दफा ७ को उप-दफा (२) बमोजिम निर्धारित क्षतिपूर्तिको रकम र नोक्सानीको सम्पूर्ण विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

९. जग्गा प्राप्ति गर्ने कुराको सूचना: (१) दफा ८ बमोजिम प्रारम्भिक कारवाईको प्रतिवेदन प्राप्त भएपछि प्राप्त गरिने जग्गाको सम्बन्धमा देहायका कुराहरू खोली स्थानीय अधिकारीले सूचना जारी गर्नेछ:–

(क) कुन कामको लागि जग्गा प्राप्त गरिने हो,

(ख) जग्गा मात्र प्राप्त गर्ने हो वा त्यसमा रहेको घर पर्खाल आदि समेत प्राप्त गर्ने हो,

(ग) जग्गा रहेको पञ्चायतको नाम र त्यसको वडा नम्बर,

(घ) नापी भइसकेको ठाउँमा भए कित्ता नम्बर,

(ङ) नापी भइनसकेको जग्गा भए जग्गा चिह्नाउन सहायक हुने आवश्यक विवरण-हरू र जग्गाको चार किल्ला,

(च) जग्गाको क्षेत्रफल वा माटो मुरी,

(छ) अन्य आवश्यक विवरण ।

(२) उप-दफा (१) बमोजिमको सूचनाको एक एक प्रति देहायको कार्यालय वा स्थानमा टाँस्नु पर्नेछ:–

(क) जुन परियोजनाको लागि जग्गा प्राप्त गरिने हो सो परियोजनाको स्थानीय कार्यालय,

(ख) जिल्ला कार्यालय,

(ग) सम्बन्धित गाउँ वा नगर पञ्चायत कार्यालय,

(घ) भूमिप्रशासन कार्यालय वा माल अड्डा,

(ङ) सम्बन्धित जग्गाको आसपासमा सर्वसाधारण जनताको बढी आवागमन हुने स्थान,

(च) स्थानीय अधिकारीले आवश्यक देखेमा अन्य कुनै स्थान ।

(३) उप-दफा (१) बमोजिमको सूचना प्रकाशित गर्दा कुनै सरोकारवाला व्यक्तिले जानकारी पाउन नसक्ने कुरामा स्थानीय अधिकारी विश्वस्त भई त्यस्तो सरोकारवाला व्यक्तिलाई व्यक्तिगत तवरले सूचना पठाउन उपयुक्त र सम्भव देखेमा त्यस्तो सरोकारवाला व्यक्तिको हकमा व्यक्तिगत तवरको सूचना पनि दिन सक्नेछ र त्यसरी सूचना दिंदा मुआवजा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्धारण भइसकेको भए मुआवजाको रकम बुझ्नको लागि कति दिनभित्र कुन कार्यालयमा उपस्थित हुनुपर्ने हो सो समेत उल्लेख गरिदिनुपर्छ।

(४) उप-दफा (१) बमोजिम सूचना टाँस भएपछि सम्बन्धित भूमिप्रशासन कार्यालय वा माल अड्डाले त्यस्तो जग्गाको कुनै किसिमले हक छोड्ने लिखतको रजिष्ट्रेशन रोक्का गर्नु पर्नेछ। सो रोक्का फुकुवा गर्न स्थानीय अधिकारीबाट भूमिप्रशासन कार्यालय वा माल अड्डामा लेखी आएमा रजिष्ट्रेशन फुकुवा गरिनेछ।

१०. जग्गा प्राप्त गर्ने सूचनामा खुलाउनु पर्ने अन्य कुराहरू: दफा ९ को उप-दफा (१) बमोजिम जारी हुने सूचनामा सरोकारवाला व्यक्तिको जानकारीको निमित्त देहायका कुराहरू समेत खोलिदिनुपर्छ:–

(क) सरोकारवाला व्यक्तिले मुआवजामा दावी गर्न आ-आफ्नो हकदैया वा भोग चलनसम्बन्धी निस्सा प्रमाण सहित निवेदन गर्नको लागि कम्तीमा पन्ध्र दिनको म्याद,

(ख) सरोकारवाला व्यक्तिले त्यस्तो जग्गामा लगाएको बाली वा रूख काट्न तथा त्यसमा रहेका घर, परखाल आदि भत्काई लैजान पाउने भए त्यस्तो बाली, रूख, घर परखाल आदि लैजान पाउने म्याद।

११. जग्गावालाले उजूर गर्न सक्ने: (१) दफा ९ बमोजिम सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालयमार्फत अञ्चलाधीश समक्ष उजूर गर्न सक्नेछ। जग्गावालाको स्वीकृति लिई मोहीले पक्की घर बनाएको रहेछ भने त्यस्तो घर र सो घरले चर्चेको जग्गाको सम्बन्धमा त्यस्तो मोहीले पनि यस उप-दफाबमोजिम उजूर गर्न पाउनेछ।

(२) उप-दफा (१) बमोजिमको उजूरी उपर सम्बन्धित अञ्चलाधीशले निर्णय गर्नु अघि प्रारम्भिक कारवाई चलाउने अधिकारी र आवश्यक देखेमा स्थानीय अधिकारी समेत राय बुझी निर्णय गर्नु पर्नेछ।

(३) उप-दफा (१) बमोजिम परेको उजूरीको सम्बन्धमा निर्णय दिनको लागि साक्षी सरजमीन बुझ्न वा कुनै लिखत कागजपत्र दाखिल गराउन परेमा यस दफाबमोजिम उजूरी सुन्ने अञ्चलाधीशलाई जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ।

(४) उप-दफा (२) बमोजिम उजूरीको निर्णय त्यस्तो उजूरी प्राप्त गरेको साधारणतया पन्ध्र दिनभित्र गर्नु पर्नेछ।

१२. जग्गा कब्जामा लिने अधिकार: (१) दफा ९ को उप-दफा (१) बमोजिमको सूचना जारी भएपछि दफा ११ को उप-दफा (१) बमोजिम उजूरी परेकोमा उजूरी टुङ्गो लागेपछि र उजूरी नपरेकोमा उजूर गर्ने म्याद नाघेपछि जुन बखत स्थानीय अधिकारीले सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ। यसरी जग्गा कब्जामा लिएपछि स्थानीय अधिकारीले सो कुराको सूचना श्री ५ को सरकारलाई दिनु पर्नेछ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जग्गा प्राप्त गर्दा घर समेत प्राप्त गरिएकोमा सो घरमा घरधनी आफै बसी आएको भए निजले पाउने मुआवजाको रकम निर्धारण भइसकेको भए त्यसको पचास प्रतिशत रकम नदिई र मुआवजाको रकम निर्धारण भइनसकेको भए निजलाई आफ्नो वासस्थान अन्यत्र सार्नको निमित्त आवश्यक पर्ने मुनासिब माफिकको रकम पेश्की नदिई त्यस्तो घर कब्जामा लिन हुँदैन।

१३. मुआवजाको किसिम र सो निर्धारण गर्ने अधिकारीः (१) यस ऐनबमोजिम प्राप्त गरिने जग्गाको मुआवजा नगदीमा दिइनेछ।

(२) उप-दफा (१) बमोजिमको मुआवजाको रकम निर्धारण गर्न देहायका पदाधिकारीहरू भएको एउटा समिति रहनेछः–

(क) प्रमुख जिल्ला अधिकारी,

(ख) भूमिप्रशासक वा माल अड्डाको हाकिम,

(ग) परियोजनाको लागि जग्गा प्राप्त गरिएको भए परियोजनाप्रमुख र अन्य कामको लागि जग्गा प्राप्त गरिएको भए अञ्चलाधीशले तोकेको एकजना अधिकृत,

(घ) जिल्ला पञ्चायतको एकजना प्रतिनिधि।

(३) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुआवजा निर्धारण गर्दा सम्पूर्ण जग्गा पर्ने र केही जग्गा मात्र पर्ने व्यक्तिको हकमा बेग्लाबेग्लै मुआवजाको दर कायम गर्न सकिनेछ।

१४. जग्गा सट्टामा दिन सकिनेः यस ऐनबमोजिम जग्गा प्राप्त गर्दा त्यस्तो जग्गा प्राप्त गरिएको ठाउँमा सम्पूर्ण जग्गा पर्ने व्यक्तिले मुआवजा बापत जग्गा नै लिन चाहेकोमा ऐलानी वा श्री ५ को सरकारको स्वामित्व भएको वा श्री ५ को सरकारले प्रचलित कानूनबमोजिम बिक्री वितरण गर्ने व्यवस्था भएको कुनै जग्गा उपलब्ध भएमा श्री ५ को सरकारले त्यस्तो जग्गा नै सट्टामा दिन सक्नेछ।

१५. गुठी जग्गाको मुआवजाः यस ऐनबमोजिम गुठी जग्गा प्राप्त गर्दा सो जग्गाको मुआवजा सम्बन्धमा गुठी संस्थान ऐन, २०३३ मा तोकिएबमोजिम हुनेछ।

१६. मुआवजा निर्धारण गर्दा विचार राख्नुपर्ने कुराहरूः (१) श्री ५ को सरकार, पञ्चायत र श्री५ को सरकारको पूर्ण स्वामित्व भएको संस्थाको लागि प्राप्त गरिने जग्गाको मुआवजा निर्धारण गर्दा मुआवजा निर्धारण गर्ने समितिले देहायको कुराको विचार राख्नु पर्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

235

(क) श्री ५ को सरकारले मुआवजा निर्धारण गर्ने सम्बन्धमा समय-समयमा दिएको मार्ग दर्शन, र

(ख) जग्गा प्राप्त गरेको कारणले सरोकारवाला व्यक्तिले आफ्नो बसोबास वा कारोवारको ठाउँ अन्यत्र सार्नुपरेबाट व्यहोर्नुपरेको नोक्सानी।

(२) पञ्चायत र श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्था बाहेक अन्य संस्थाको लागि प्राप्त गरिने जग्गाको मुआवजा निर्धारण गर्दा मुआवजा निर्धारण गर्ने समितिले देहायका कुराको विचार राख्नु पर्नेछः–

(क) दफा ९ बमोजिम जग्गा प्राप्त गर्ने सूचना प्रकाशित गर्दाको समयमा प्रचलित जग्गाको मोल,

(ख) जग्गामा लागेको बाली तथा घर, परखाल, टहरो आदि सहित जग्गा प्राप्त गरेकोमा त्यसको मोल,

(ग) जग्गा प्राप्त गरेको कारणले सरोकारवाला व्यक्तिले आफ्नो बसोबास वा कारोबारको ठाउँ अन्यत्र सार्नु परेबाट व्यहोर्नु परेको नोक्सानी।

१७. <u>हदवन्दीभन्दा बढीको जग्गा प्राप्त गर्दा निर्धारण गरिने मुआवजा</u>: दफा १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार, पञ्चायत वा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको निमित्त यस ऐनबमोजिम प्राप्त गरिने जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम राख्न पाउने हदवन्दीभन्दा बढीको जग्गा भएमा त्यस्तो जग्गाको मुआवजा निर्धारण गर्दा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम पाउने मुआवजाको अङ्कभन्दा बढी हुने छैन।

१८. <u>मुआवजा पाउनेको नामावली र त्यस उपरको उजूरी</u>: (१) दफा ९ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र प्राप्त भएका निवेदनहरूबाट मुआवजा पाउने ठहरिएका व्यक्तिहरूको नामावली तयार पारी सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि स्थानीय अधिकारीले सूचना टाँस गर्नेछ।

(२) उप-दफा (१) बमोजिम टाँस गरिएको नामावलीमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र अञ्चलाधीशसमक्ष उजूर गर्न सक्नेछ।

(३) उप-दफा (२) बमोजिम परेका उजूरी तेरो मेरो वा हकभोगसम्बन्धी बाहेक अरू विषयको भए अञ्चलाधीशले साधारणतया पन्ध्र दिनभित्र किनारा लगाउनु पर्नेछ। तर त्यस्तो उजूरी तेरो मेरो वा हकभोगसम्बन्धी भएमा त्यस उपर कुनै कारवाई नगरी अदालतको अन्तिम निर्णयबाट हकदैया कायम गरी आउने व्यक्तिलाई यस ऐनबमोजिम पाउने मुआवजा दिइनेछ भनी मुआवजा धरौट रहने कार्यालयको नाम समेत उल्लेख गरी सम्बन्धित व्यक्तिलाई सूचना दिनुपर्छ।

(४) तेरो मेरो वा हकभोग सम्बन्धमा अदालतमा कारवाई चली त्यसको अन्तिम निर्णयबाट हकदैया कायम गरी आउने व्यक्तिले त्यस्तो अन्तिम निर्णय भएको २ वर्षभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उप-दफा (३) बमोजिम धरौटी रहेको रकम बुझी लिनु पर्नेछ। सो म्याद नाघेपछि त्यस्तो धरौटी रहेको मुआवजाको रकम लिन पाउने छैन र सो रकम सञ्चित कोषमा दाखिल हुनेछ।

१९. मुआवजा निर्धारण भएपछि सूचना गर्ने: मुआवजा निर्धारण गर्ने समितिले मुआवजा निर्धारण गरेपछि सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सो कुराको सूचना श्री ५ को सरकारलाई दिनु पर्नेछ।

२०. मोहीले पाउने मुआवजा: यस ऐनबमोजिम जग्गा प्राप्त गर्दा सो जग्गामा मोहीयानी लागेको भए सो जग्गा बापत दिइने मुआवजाको पच्चीस प्रतिशत रकम मोहीले पाउनेछ।

तर, जग्गावालाको स्वीकृतिलाई मोहीले बनाएको घर समेत प्राप्त गरिएकोमा सो घर बापतको मुआवजा निजले पूरै पाउनेछ।

२१. मुआवजाबाट सरकारी बाँकी कट्टा गर्न सकिने: यस ऐनबमोजिम प्राप्त गरिएको जग्गाको मुआवजा वितरण गर्दा सरोकारवाला व्यक्तिसित मालपोत, कर वा अन्य कुनै सरकारी रकम असूल गर्न बाँकी रहेछ भने त्यस्तो असूल गर्न बाँकी रहेको रकम मुआवजाबाट कट्टा गर्न सकिनेछ।

२२. जग्गाको स्वामित्व सर्ने: दफा १२ बमोजिम जग्गा कब्जामा लिएपछि त्यस्तो जग्गाको स्वामित्व श्री ५ को सरकारको निमित्त प्राप्त गरेकोमा श्री ५ को सरकारमा र कुनै संस्थाको निमित्त प्राप्त गरेकोमा त्यस्तो संस्थामा सर्नेछ।

२३. जग्गाको नामसारी र मालपोतको लगत कट्टा गर्ने: (१) दफा २२ बमोजिम श्री ५ को सरकार वा संस्थाको स्वामित्वमा आएको जग्गा श्री ५ को सरकारको लागि प्राप्त गरिएकोमा मालपोतको लगत कट्टा गरी श्री ५ को सरकारको नाममा नामसारी गर्न र संस्थाको लागि प्राप्त गरिएकोमा त्यस्तो संस्थाको नाममा नामसारी र दाखिल खारेज गर्न स्थानीय अधिकारीले जग्गा कब्जामा लिएको पन्ध्र दिनभित्र त्यस्तो जग्गाको दर्ताको लगत रहेको कार्यालयलाई लेखी पठाउनु पर्नेछ र त्यस्तो कार्यालयले पनि सोबमोजिमको कार्य यथाशीघ्र सम्पन्न गरी त्यसको जानकारी स्थानीय अधिकारी र साबिक जग्गावालालाई दिनु पर्नेछ।

(२) उप-दफा (१) बमोजिमको लगत कट्टा गर्ने वा नामसारी गर्ने कार्य जुनसुकै मितिमा सम्पन्न भए तापनि त्यस्तो जग्गाको स्वामित्व सरेको मितिदेखि नै उक्त जग्गाको लगत कट्टा भएको वा नामसारी भएको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै तत्काल प्रचलित कानूनबमोजिम प्राप्त गरिएको जग्गाको लगत कट्टा भएको रहेनछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो जग्गाको लगत स्वतः कट्टा भएको मानिनेछ।

२४. स्वामित्व सर्नुभन्दा अघिको अवस्थालाई असर नपार्ने: (१) यस ऐनबमोजिम श्री ५ को सरकार वा संस्थाको नाउँमा कुनै जग्गाको स्वामित्व सर्नुभन्दा अघिल्लो दिनसम्मको साबिक जग्गावालाबाट त्यस्तो जग्गामा लाग्ने मालपोत वा कर बापत कुनै रकम असूल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

289

उपर गर्न बाँकी रहेको भए त्यसरी जग्गाको स्वामित्व सरेपछि पनि त्यस्तो बाँकी रकम असूल उपर गर्ने कारवाई चलाउन यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

(२) मोहियानी लागेको कुनै जग्गा प्राप्त गरिएकोमा साविक जग्गावालाले तत्कालीन मोहीबाट त्यसरी जग्गा प्राप्त गर्नुभन्दा अघिको बक्यौता कूत असूल गर्ने कारवाई चलाउन यस ऐनको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

२५. विशेष परिस्थितिमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार: (१) नदीले एकाएक धार बदलेको वा कुनै दैवी परेको कारणले यातायात वा सञ्चारको साधनलाई यथावत चालू राख्न वा धनजनको व्यापक क्षतिबाट बचावट गर्न वा अन्य कुनै सार्वजनिक सम्पत्तिको संरक्षणको निमित्त वा अन्य कुनै असाधारण अवस्था परी श्री ५ को सरकारले कुनै जग्गा तत्कालै प्राप्त परेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सो सम्बन्धमा श्री ५ को सरकारले निर्णय गरी त्यस्तो जग्गा प्राप्त गर्नेतर्फ कारवाई चलाउन स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिमको कामको निमित्त प्राप्त गर्नुपर्ने जग्गाको सम्बन्धमा दफा ६ को उप-दफा (१) मा उल्लिखित कुराहरूमध्ये उपलब्ध भएसम्मका कुराहरू खुलाई सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि सूचना जारी गर्नेछ र त्यस्तो सूचना जारी गर्दा सरोकारवाला व्यक्तिहरूले शीघ्रातिशीघ्र जानकारी पाउन सक्ने भनी स्थानीय अधिकारीले उपयुक्त ठहराएको तरीकाबाट जारी गर्न सकिनेछ ।

(३) उप-दफा (२) बमोजिमको सूचना टाँस भएपछि जुनसुकै बखत स्थानीय अधिकारीले जग्गा कब्जामा लिन सक्नेछ र त्यसरी कब्जामा लिएकै मितिदेखि त्यस्तो जग्गामा श्री ५ को सरकारको स्वामित्व कायम हुन जानेछ ।

(४) यस दफाबमोजिम जग्गा प्राप्त गर्दा त्यस्तो जग्गामा लागेको बाली तथा रूख र त्यसमा बनेको घर, परखाल आदि समेत प्राप्त गरिने भएमा त्यस बापत सरोकारवाला व्यक्तिले क्षतिपूर्ति पाउनेछ ।

(५) यस दफाबमोजिम प्राप्त गरिने जग्गाको मुआवजाको निर्धारण दफा १३ बमोजिम मुआवजा निर्धारण समितिले गर्नेछ ।

(६) यस दफाबमोजिम प्राप्त गरिएको जग्गाको मुआवजा वा क्षतिपूर्तिको रकममा चित्त नबुझेकोमा बाहेक जग्गा प्राप्त गरिनु नपर्ने भन्ने विषयमा उजूर लाग्ने छैन ।

(७) क्षतिपूर्ति वा मुआवजामा चित्त नबुझ्ने व्यक्तिले क्षतिपूर्ति वा मुआवजा निर्धारण भएको सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र अञ्चलाधीशसमक्ष उजूर गर्न सक्नेछ र त्यस्तोमा अञ्चलाधीशको निर्णय अन्तिम हुनेछ ।

(८) यस दफाबमोजिम प्राप्त गरिएको जग्गाको मालपोतको लगत कट्टा गर्ने सम्बन्धमा दफा २३ को कार्यविधि अपनाई स्थानीय अधिकारीले कारवाई चलाउनेछ र त्यस्तो जग्गाको सम्बन्धमा दफा २४ को कुरा पनि लागू हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. <u>जग्गावालाको मञ्जूरी भएमा रीत पुगेको मानिने:</u> श्री ५ को सरकारले कुनै जग्गा कुनै सार्वजनिक काममा लगाइसकेकोमा त्यस्तो जग्गा यस ऐनको रीत पुऱ्याई प्राप्त नगरिएको भए तापनि सम्बन्धित जग्गावालाले मञ्जूर गरेको अवस्थामा सो जग्गाको क्षतिपूर्ति वा मुआवजा यस ऐनबमोजिम निर्धारण गर्न सकिनेछ। यसरी क्षतिपूर्ति वा मुआवजा निर्धारण गरिए-पछि सो जग्गा यस ऐनबमोजिम प्राप्त गरिएसरह मानिनेछ।

२७. <u>वार्ताद्वारा जग्गा प्राप्त गर्न सकिने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले सार्वजनिक कामको लागि कुनै जग्गा सम्बन्धित जग्गावालासित वार्ताद्वारा प्राप्त गर्न सक्नेछ र त्यसरी वार्ताद्वारा जग्गा प्राप्त गर्दा यस ऐनमा लेखिएको अन्य रीत पुऱ्याई रहनु पर्ने छैन।

२८. <u>कूटनैतिक नियोग तथा अन्तर्राष्ट्रिय संस्थाको निमित्त जग्गा प्राप्त गर्न सकिने:</u> (१) वाणिज्य दूतावास लगायत कूटनैतिक नियोग तथा अन्तर्राष्ट्रिय संस्थाहरूको निमित्त यस ऐन बमोजिम जग्गा प्राप्त गर्न सकिनेछ।

(२) उप-दफा (१) बमोजिम प्राप्त गरिने जग्गाको मुआवजा निर्धारण गर्दा दफा १६ को उप-दफा (२) बमोजिम निर्धारण गरिनेछ।

२९. <u>घर आदि सहितको जग्गा प्राप्त गर्दा:–</u> यस ऐनबमोजिम जग्गा प्राप्त गर्दा सो जग्गामा रहेको बाली, रूख, पर्खाल, घर आदि पूरै लिइयोस् भनी सरोकारवाला व्यक्तिले निवेदन गरेमा सो सबै लिने गरी कारवाई चलाउनु पर्नेछ।

३०. <u>श्री ५ को सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गर्न सक्ने:</u> (१) यस ऐनबमोजिम जग्गा प्राप्त गर्ने गरी कारवाई चलाइएकोमा कुनै पनि अवस्थामा श्री ५ को सरकारले जग्गा प्राप्त नगर्ने गरी निर्णय गर्न सक्नेछ र त्यस्तोमा सरोकारवाला व्यक्तिको जानकारीको लागि स्थानीय अधिकारीले दफा ६ को उप-दफा (२) बमोजिम सूचना टाँस्नु पर्नेछ।

(२) श्री ५ को सरकारले जग्गा नलिने गरी कारवाई थामे तापनि दफा ६ बमोजिम प्रारम्भिक कारवाई गर्दा भइसकेको नोक्सानी बापत प्रारम्भिक कारवाई चलाउने अधिकारीले क्षतिपूर्ति दिई नसकेको भए स्थानीय अधिकारीले दफा ७ बमोजिम क्षतिपूर्ति निर्धारण गरी दिनेछ।

३१. <u>कमाउन दिए बापत जग्गामा मोहियानी हक प्राप्त नहुने:</u> यस ऐनबमोजिम प्राप्त गरिएको कुनै जग्गालाई जग्गा प्राप्त गरिएको प्रयोजनमा नल्याएसम्म श्री ५ को सरकार वा संस्थाले कबुलियत गराई कसैलाई कमाउन दिन सक्नेछ। त्यसरी जग्गा कमाएको नाताले जग्गा कमाउने व्यक्तिलाई प्रचलित कानूनबमोजिम मोहियानी हक प्राप्त हुने छैन।

३२. <u>स्वीकृति नलिई बनाएको घर वा लगाएको बाली जफत हुने:</u> (१) यस ऐनबमोजिम प्राप्त गरेको जग्गाको स्वामित्व श्री ५ को सरकार वा संस्थामा सरेपछि श्री ५ को सरकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा संस्थाको लिखित स्वीकृति प्राप्त नगरी कसैले कुनै प्रकारको घर, टहरो, परखाल आदि बनाउन वा त्यस्तो जग्गा आवाद गर्न हुँदैन ।

(२) उप-दफा (१) को उल्लङ्घन गरी कसैले कुनै घर, टहरो, परखाल आदि बनाएमा वा जग्गा आवाद गरेमा त्यसरी बनाइएको घर, टहरो, परखाल आदि वा लगाएको बालीको कुनै क्षतिपूर्ति नदिई श्री ५ को सरकार वा संस्थाले जफत गर्न सक्नेछ ।

३३. एक कामको लागि लिएको जग्गा अन्य कामको लागि प्रयोग गर्न सकिने : श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्थाको लागि मात्र यस ऐनबमोजिम प्राप्त गरिएको जग्गा जुन कामको लागि प्राप्त गरिएको हो सो कामको लागि आवश्यक नपरेमा वा त्यस्तो काममा प्रयोग गरेर बढी हुन आएमा त्यसरी आवश्यक नपरेको वा बढी भएको जग्गालाई श्री ५ को सरकारले भए अन्य कुनै सार्वजनिक काममा र त्यस्तो संस्थाले भए दफा ४ को उप-दफा (१) मा तोकिएका कामहरूमध्ये कुनै काममा प्रयोग गर्न सक्नेछ ।

३४. आवश्यक नभएको जग्गा साविक जग्गावालालाई फिर्ता गर्नु पर्ने : (१) यस ऐनबमोजिम प्राप्त गरिएको जग्गा जुन कामको लागि प्राप्त गरिएको हो, सो कामको लागि आवश्यक नपरी वा प्रयोग गरेर बढी हुन आएको जग्गा दफा ३३ बमोजिम श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्थाले अन्य काममा प्रयोग नगरेमा त्यस्तो आवश्यक नपरेको वा बढी भएको जग्गा साविक जग्गावालालाई फिर्ता गरिदिनु पर्नेछ ।

(२) श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको संस्था बाहेक अरू संस्थाको लागि यस ऐनबमोजिम प्राप्त गरिएको जग्गा दफा ४ को उप-दफा (२) बमोजिम गरिएको लिखत बमोजिमको काममा प्रयोग नगरेमा त्यस्तो जग्गा साविक जग्गावालालाई फिर्ता गरी दिनु पर्नेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम वितरण भएको मुआवजामध्ये फिर्ता गरिने जग्गा जतिको मुआवजाको रकम साविक जग्गावालाले फिर्ता नबुझाएसम्म यस दफाबमोजिम जग्गा फिर्ता गरिने छैन ।

(४) यस दफाबमोजिम साविक जग्गावालाबाट मुआवजा र थप रकम बुझिलिई जग्गा फिर्ता गर्ने काम स्थानीय अधिकारीले गर्नेछ ।

(५) साविक जग्गावालालाई जग्गा फिर्ता गरेपछि सो जग्गा निजको नाउँमा नामसारी र दाखिल-खारिज गर्नको लागि स्थानीय अधिकारीले सम्बन्धित कार्यालयमा लेखी पठाउन पर्नेछ र त्यसरी लेखी आएपछि उक्त कार्यालयले पनि नामसारी र दाखिल–खारिज गरी त्यसको सूचना स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

३५. प्राप्त गरिएको जग्गा बिक्री गर्न सकिने : दफा ३४ बमोजिम फिर्ता गरिने जग्गा साविक जग्गावालाले लिन नचाहेमा वा निज फेला नपरेमा अरू कसैलाई बिक्री गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. तोकिएको म्यादभित्र उठाई नलगेमा मालवस्तु फिर्ता गर्न नपर्ने : यस ऐनको विभिन्न दफाहरूबमोजिम कुनै जग्गामा लगाएको बाली, रूख तथा त्यसमा बनेको घर, परखाल आदि उठाई लैजान पाउनेमा तोकिएको म्यादभित्र त्यस्तो मालवस्तु उठाई नलगेमा ती मालवस्तु स्थानीय अधिकारीले आफ्नो कब्जामा लिन सक्नेछ र त्यस्तो माल वस्तुमा सम्बन्धित मालधनीको कुनै दाबी लाग्ने छैन ।

३७. तोकिएको म्यादभित्र क्षतिपूर्ति वा मुआवजा बुझिलिनु पर्ने : यस ऐनको विभिन्न दफाहरूमा क्षतिपूर्ति वा मुआवजा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मञ्जूर नगरेमा स्थानीय अधिकारीले त्यस्तो क्षतिपूर्ति वा मुआवजाको रकम बुझ्नको लागि तीन महीनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्नु पर्नेछ । सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआवजा पाउने छैन र सो क्षतिपूर्ति वा मुआवजाको रकम संचित कोषमा दाखिल गरिनेछ ।

३८. स्थानीय अधिकारीले मद्दत गर्नुपर्ने : यस ऐनबमोजिम कुनै काम गर्न अधिकार पाएको कुनै अधिकारीले आफूले गर्नुपर्ने कुनै कामको सिलसिलामा अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी वा प्रहरीको मद्दत माग्न सक्नेछ र त्यसरी मद्दत मागिएकोमा अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी तथा प्रहरीले मद्दत दिनु पर्नेछ।

३९. दण्ड सजाय : (१) कसैले दफा ६ बमोजिमको कुनै कारवाई गर्न लाग्दा वाधा विरोध गरी त्यस्तो काम कारवाई गर्न नदिएमा वा त्यस्तो काम कारवाई गर्न जाने व्यक्तिहरूलाई हुल हुज्जत गरेमा वा हातपात गरेमा वा त्यस्तो काम कारवाईको सिलसिलामा जडान वा खडा गरिएको कुनै उपकरणलाई तोडफोड गरेमा वा लगाएको वा बनाएको चिह्न वा नक्शा मेटी दिएमा वा बिगारी दिएमा एक हजार रूपैयाँसम्म जरीवाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ६ बमोजिम सूचना टाँस गर्दा वाधा विरोध गरेमा वा हुल हुज्जत गरेमा एक हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

(३) दफा १२ को उप-दफा (१) वा दफा २५ को उप-दफा (३) बमोजिम स्थानीय अधिकारीले जग्गा कब्जामा लिंदा कसैले वाधा विरोध वा हुल हुज्जत गरेमा एक हजार रूपैयाँसम्म जरीवाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

४०. मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकारीहरू : (१) यस ऐनअन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

४१. श्री ५ को सरकार वादी हुने : यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ।

४३. खारेजी र बचाउ : (१) जग्गा प्राप्ति ऐन, २०१८ खारेज गरिएको छ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत जग्गा प्राप्ति ऐन, २०१८ अन्तर्गत कुनै जग्गा प्राप्त गर्ने सम्बन्धमा भइरहेको काम कारवाई यो ऐन प्रारम्भ भएपछि यसै ऐनअन्तर्गत भए गरेको मानी सो काम कारवाई चालू राख्न सकिनेछ।

लालमोहर सदर मितिः– २०३४।५।२२।४ आज्ञाले–

चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार